Unofficial Translation

संयुक्त राष्ट्रसंघ **CCPR**/C/101/D/1761/2008

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध

वितरण: नियन्त्रित*

२७ अप्रिल २०११

मूलभाषा: अंग्रेजी

मानवअधिकार समिति

एक सय एक सत्र

१४ मार्च – १ अप्रिल २०११

दृष्टिकोणहरू

निवदेन नं : १७६१/२००८

निवेदक :	युवराज गिरी (एड्भोकेसी फोरमद्वारा कानुनी प्रतिनिधित्व गरिएको)
पीडित भनिएको व्यक्ति :	निवेदक, उनको श्रीमती (धनमाया गिरी) र उनीहरुका दुई सन्तानहरू (यशोदा र योगेश गिरी)
पक्ष राष्ट्र :	नेपाल
निवेदन गरिएको मिति :	१४ जनवरी २००८ (प्रारम्भिक जाहेरी)
सन्दर्भ दस्तावेज :	२९ फेब्रुअरी २००८ मा पक्षराष्ट्रलाई प्रेषित विशेष प्रतिवेदकको नियम ९७ को निर्णय (दस्तावेजको रूपमा हैन)

निर्णय अवलम्बित गरिएको मिति : २४ मार्च २०११

विषयवस्तु :	स्वेच्छाचारी पक्राउ र थुना, र कम्युनिस्ट पार्टी (माओवादी) को कार्यकर्ता भएको आशंकामा एकजना किसानमाथि यातना ।
सारवान सवालहरू :	स्वेच्छाचारी पक्राउ र थुना, यातना तथा दुर्व्यवहार, नजरबन्द, जबर्जस्ती बेपत्ता, थुनास्थलको अवस्था, प्रभावकारी उपचारको अधिकार, संकटकाल ।
कार्यविधिगत सवाल :	उपलब्ध राष्ट्रिय उपचारहरू उपभोग नभएको ।
अनुबन्धका धाराहरू :	धारा २, परिच्छेद ३, धारा ७, ९ र १०, परिच्छेद १ ।
ऐच्छिक आलेखका धाराहरू :	धारा ५, परिच्छेद २ (ख)

२४ मार्च २०११ मा मानवअधिकार समितिले निवेदन नं. १७६१/२००८ को सन्दर्भमा ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ अन्तर्गत यस अनुसूचीको लिखतलाई आफ्नो धारणाको रूपमा ग्रहण गरेको हो ।

(अनुसूची)

देहायको निवेदन सम्बन्धमा

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ अन्तर्गतको मानवअधिकार समितिको धारणा (१०१औं सत्र)

निवेदन नं १७६१/२००८ **

निवेदक :	युवराज गिरी (एड्भोकेसी फोरम-नेपालद्वारा कानुनी प्रतिनिधित्व गरिएको)
पीडित भनिएको व्यक्ति:	निवेदक, उनको श्रीमती (धनमाया गिरी) र उनीहरूका दुई सन्तानहरू (यशोदा र योगेश गिरी)
पक्षराष्ट्र :	नेपाल
निवेदन गरिएको मिति :	१४ जनवरी २००८ (प्रारम्भिक जाहेरी)

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २८ अन्तर्गत गठित मानवअधिकार समिति,

२४ मार्च २०११ को बैठकमा

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत युवराज गिरीले मानवअधिकार समितिसमक्ष पेश गरेको निवेदन नं १७६१/२००८ उपर विचार गरिसकेपछि,

निवेदक र राज्यपक्षले उपलब्ध गराएको सम्पूर्ण लिखित जानकारीलाई मध्यनजर गर्दै,

निम्नलिखित धारणा अवलम्बन गर्दछ :

ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ अन्तर्गतको धारणा

१. यस निवेदनका निवेदक श्री युवराज गिरी, जन्ममिति ०१ फेब्रुअरी १९८३ भएको एक नेपाली नागरिक हुनुहुन्छ । उहाँले आफू नेपाल राज्यबाट अनुबन्धको धारा ७, धारा ९ र धारा १० को सामञ्जस्यतामा धारा २, परिच्छेद ३ ले प्रत्याभूत गरेको अधिकारको उल्लंघन गरेको दाबी गर्नुभएको छ । उहाँलाई एड्भोकेसी फोरमले कानुनी प्रतिनिधित्व गरेको हो । नेपाल ४ मार्च १९९६ देखि यातनाविरुद्धको अनुबन्धको ऐच्छिक आलेखको पक्षराष्ट्र बनेको हो ।

निवेदकद्वारा प्रस्तुत गरिएका तथ्यहरू

२.१ निवेदक बाँके जिल्लाको राजागढवा बाङखेत, भेरी अञ्चल, नेपालका निवासी हुन् । उनले धनमाया गिरीसँग बिहे गरे । उनीहरूका दुई सन्तानहरु, ७ वर्षीय छोरी यशोदा र ५ वर्षीय छोरा योगेश छन् ।[1] २९ अप्रिल २००४ मा उनी लखनवार गएर सोही दिउँसो साथीहरूसँग बाटो छेउमा क्यारमबोर्ड खेल्दै थिए । उनी खेलेको १० मिनेट पछि त्यहाँ नेपाल कम्युनिस्ट पार्टी माओवादीका एकजना कार्यकर्ता आएर उनीसँगै क्यारमबोर्ड खेल्न थाले । त्यसको ५ मिनेट पछि निवेदकले एकजना व्यक्तिले अर्का व्यक्तिलाई "माओवादी हेर" भनेको सुने । निवेदक फर्किएर हेर्दा सादा पोसाकमा, पिस्तोल भिरेर मोटरसाइकलमा चढेर आएका दुईजना व्यक्तिहरू देखे । त्यसपछि उनीसँगै क्यारम खेलिरहेका माओवादी त्यहाँबाट भागे भने ती साइकलमा आएका व्यक्तिहरू साइकलबाट ओर्लिएर गोली चलाउँदै उनलाई लखेट्न थाले ।

२.२ लगभग २० मिनेट पछि सादा पोसाकमा रहेका ती दुईजना व्यक्तिहरू गाउँमा फर्किए अनि आफ्नो साइकल लिएर त्यहाँबाट गए । त्यहाँ खेलिरहेका अधिकांश व्यक्तिहरू तितरबितर भए तर निवेदकले सडकछेउको एउटा किराना पसलमा सुर्ती किन्न लागेकाले त्यहीँ थिए । त्यसपछि उनी एकजना चिनेजानेका मान्छेको घर गए जहाँ उनले सेनाको सैनिक पोसाक रहेका, हतियार र ब्याग बोकेका २०, २५ जनाको समूहमा सैनिकहरू ट्रकमा घुमिरहेको देखे । त्यसको २० मिनेटपछि निवेदक साइकलमा चढी साथीको घरबाट आफ्नो घरतर्फ हिँडे । उनले लखनवार पार गर्ने क्रममा करिब एक दर्जन सैनिक पोसाकमा रहेका व्यक्तिहरूसँग जम्काभेट भयो । उनका अनुसार तिनीहरू सेना नै थिए । तीमध्ये एकजना शाही नेपाली सैनिकले उनलाई कहाँबाट आएको र कहाँ जान लागेको भनी सोधेका थिए । उनले जवाफ दिँदै गर्दा अघि माओवादीलाई लखेटेका सादा पोसाकमा रहेका दुईजना व्यक्तिहरू आइपुगे । उनीहरूमध्ये एकजनाले ती निवेदकलाई औल्याउँदै उनी भागेका माओवादीसँगै देखिएको ती सैनिकलाई बताइदिए । ती सैनिकले निवेदकलाई सैनिक बुटले छाती र पेटमा तीनपटक लात्तीले हाने । लात्तीले हान्दै गर्दा उनले पिस्तोल निकालेर निवेदकलाइै ताक्दै तँ माओवादी होस् भन्दै थर्काएका थिए । तेस्रोपटकको लात्ती पछि निवेदक जमिनमा लडेका थिए । उक्त व्यक्तिले निवेदकलाई चौथोपटक छातीमा लात्तीले हानेका थिए, त्यसको साथै निवेदक बेहोस भएका थिए ।

२.३ उनको होस खुल्दा निवेदकले आफूलाई गुडिरहेको ट्रकमा घोप्टो परेर सुतेको अवस्थामा पाए । उनलाई आँखामा पट्टि वा हातमा हथकडी लगाइएको थिएन । उनलाई सास फेर्न गाह्रो भएकोले उठेर बस्छु भनी अनुरोध गरे र उनले अनुमति पनि पाए । शाही सेनाले उनलाई फक्राउ पर्नुको कारण बारे केही जानकारी दिएनन् न त पक्राउ गर्ने बेलामा उनको अधिकारको बारेमा नै जानकारी दिइयो । उनले ट्रकमा आफ्नो वरिपरि सैनिक पोसाकमा रहेका सेनालाई देखेपनि सादा पोसाकमा रहेका सेनालाई देखेनन् । उक्त ट्रक राजमार्गमा पुगेपछि उनलाई आँखामा पट्टि बाँधियो । केही सेनाले उनलाई उनको नामले बोलाए र उनको दाह्री खिचेर दुःख दिए । लगभग ३० मिनेटपछि ट्रक रोकियो र निवेदकलाई ट्रकबाट ओर्लन भनियो । उनको आँखाको पट्टि खोलियो र निवेदकले आफू सैनिक ब्यारेकमा लगिएको

[1] Age of the children aat the time of the initial communication.

थाहा पाए र पछि सैनिकहरूले कुरा गरेअनुसार उनलाई इमामनगर ब्यारेकमा लगिएको थियो । त्यसपछि उनलाई फेरि आँखामा पट्टि बाँधियो र हात पछाडि फर्काई हथकडी लगाइयो ।

२.४ निवेदकलाई १०, १५ मिनेटसम्म हिँडाएर एउटा बिल्डिङ्गसम्म लगियो र "मेडिकल थुना कक्ष" भन्ने एउटा कोठामा थुनियो । यो एउटा ३x४ को बत्ती नभएको अँध्यारो सानो कोठा थियो जसमा असंख्य लामखुट्टेहरू थिए र दुर्गन्ध आइरहेको थियो । त्यहाँ दुईवटा फलामका खातहरु थिए तर ओछ्यान भने थिएन । त्यहाँ एउटा अट्याच ट्वाइलेट थियो तर त्यहाँ पानीको व्यवस्था थिएन । त्यहाँ एउटा सानो झ्याल थियो तर त्यसमा पलास्टिक र जुटको बोरा कोचिएको थियो । निवेदकका हातहरू पछाडि फर्काएर ३, ४ दिनसम्म हथकडी लगाइएको थियो भने त्यसपछि हात अगाडि राखेर हथकडी लगाइएको थियो । एकजना मुस्किलले बस्नमिल्ने सो कोठामा निवेदकलाई कहिले एक अर्को बन्दीसँग कहिले एकभन्दा बढी बन्दीसँग राखिएको थियो । उनलाई उचित खाना, पानी, ओछ्यान, प्राकृतिक उज्यालो तथा व्यायामको सुविधा उपलब्ध गराइएको थिएन । उनी थुना परेको पहिलो तीन महिनासम्म दुवैजना थुनुवालाई खाना खाने समयमा आँखाको पट्टि र हथकडी खोल्न दिइएको थियो । गार्डले खाना र पानी सानो झ्यालबाट भित्र पुऱ्याइदिन्थे । तर तीन महिनापछि भने गार्डले खाना खाने समयमा पनि निवेदकको हथकडी खोल्न बन्द गरिदिए । उनलाई गार्डले हथकडीको साँचो हराएको भन्दै अबदेखि हथकडी नखोल्ने बताएका थिए । त्यसकारण त्यसपछिका अवधिमा उनलाई सैनिक हिरासतमा आँखामा पट्टि र हातमा हथकडी लगाएरै राखियो जसले गर्दा उनलाई खाना खान र ट्वाइलेट जान अत्यन्त कठिन भएको थियो । उनलाई थुना अवधिभरमा जम्मा दुईपटक मात्र नुहाउन दिइएको थियो र उनलाई रासनमा दिइने गरेको पानी पिउन पनि गार्डलाई सोध्नुपर्थ्यो । उनलाई कहिले पनि कपडा फेर्न दिइएन ।

२.५ निवेदकलाई २९ अप्रिल २००४ देखि १२ मे २००५ सम्म लगभग १३ महिनासम्म इमामनगर सैनिक ब्यारेकमा नजरबन्दमा राखिएको थियो । उनलाई थुना अवधिभर परिवार वा कानुन व्यवसायीसँग भेट गर्नवाट वञ्चित गरिएको थियो । शाही नेपाली सेनाले उनलाई यातना दिनुका साथै क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गरेका थिए । उनलाई पहिलो एकहप्तासम्म प्रायःजसो दिउँसोको समयमा यातना दिइएको थियो । एक हप्तापछि ३, ४ दिनको लागि यातना रोकिएको थियो र फेरि केही दिन पछि पुनः यातना दिन सुरु गरी फेरि केही दिन पुनः यातना दिइएको थियो । यो प्रक्रिया लगभग ३ महिनासम्म चल्यो र त्यसपछि यातना दिने प्रक्रिया बिस्तारै कम हुँदै गएको भएपनि यो प्रक्रिया लगभग ७ महिनासम्म चलेको थियो । सोधपुछको क्रममा कुम, ढाड, खुट्टा लगायतका अङ्गहरूमा पलास्टिकको पाइप र लाठीले कुटपिट गर्ने आदि गरिन्थ्यो । निवेदकलाई अनुहारमा झापड हान्ने, मुडकीले कान र टाउकोमा मुक्का हान्ने, अघिल्लो दिन हानेको ठाउँ लगायत ढाडमा सैनिक बुटले लट्ठीले हान्ने गर्थे । सोधपुछकर्ताले निवेदकलाई माओवादी गतिविधिमा आफ्नो संलग्नताको बारेमा केरकार गर्ने गर्थे । यातना अवधिभर निवेदकलाई आँखामा पट्टि बाँध्ने र हथकडी लगाउने गर्थे । यातनाको क्रममा निवेदकले पक्राउको समयमा कुटपिट गर्ने एकजना सादा पोसाकमा रहेको सैनिकको आवाज चिनेका थिए । निवेदकले माओवादीमा संलग्नता अस्वीकार गर्नेबित्तिकै झन् बढी यातना दिने गर्थे ।

पहिलो दिनको यातना र केरकारपछि उनलाई तिनीहरूले भने, तँलाई भोलि हेलिकोप्टरमा हालेर टाढा लगी खसालेर मारीदिने हो, अहिलेलाई आराम गर् । उनको थुना अवधिभर केही गार्डहरुले उनलाई छिट्टै नै छाडिनेछ भन्थे भने केही गार्डहरुले उनलाई छिट्टै मारिनेछ भनी तर्साउँथे । यातनाका अन्य विधिहरूमा शरीरमा बरफको गोला लगाउने, सियोले ढाड, छातीको स्तननेरको भाग तथा खुट्टाको बुढीको नङ्गभित्र सियोले घोच्ने गर्थे । निवेदकलाई कम्तीमा दुईपटकसम्म मेडिकल थुना कक्षबाट ब्यारेकभित्रकै अन्य ठाउँमा स्थानान्तरण गरिएको थियो । सेनाले रेडक्रसको अन्तर्राष्ट्रिय समिति र राष्ट्रिय मानवअधिकार आयोगबाट निरीक्षण टोली आउँदा उनलाई अन्यत्र स्थानान्तरण गरिनेछ भनी बताएका थिए ।

२.६ उनको थुनाको ७ महिनापछि निवेदकलाई आफू माओवादी भएको, सेनाको उनको साथबाट माओवादी गतिविधिसम्बन्धी महत्वपूर्ण कागजात बरामद गरेको र अहिले आफू आत्मसमर्पण गर्न चाहेको भनी साबिती बयान लेख्न लगाए । उक्त कागजमा निवेदकलाई जबर्जस्ती औंठाछाप गर्न लगाइयो । त्यसपछि पनि उनलाई सोही बेहोराको कागज लेख्न र हस्ताक्षर गर्न लगाइएको थियो । उनी पक्राउ परेको ८ महिना पछि एकपटक मात्र उनलाई यातना दिइएको थियो । तर पनि सेनाले उनलाई गालीगलौज गर्ने, कहिले उनलाई मारिने छ भन्ने कहिले छाडिने भन्ने गर्थे । उनी अनुमान गर्छन् कि उनलाई लगभग १०० पटकसम्म यातना दिइयो । थुनामा रहँदा उनले स्वास्थ्योपचारका लागि अनुरोध गर्न डराएका थिए र उनलाई एकपटक मात्र डाक्टरले जाँचेका थिए । यातनाका कारण उनलाई लगातार टाउको दुख्ने र चक्कर लाग्ने, च्यापु, टाउको, काँध, ढाड, नितम्ब र खुट्टा दुख्ने समस्या भएको छ भने पछि उनलाई स्पाइनल ओस्टिओआर्थ्रिटिस भएको पत्ता लागेको थियो । उनलाई डिप्रेसन, सोच्न नसक्ने, रिस मात्र उठिराख्ने, डर र चिन्ता लाग्ने, सैनिक पोसाक लगाएका व्यक्ति देख्नेबित्तिकै डर लाग्ने र बारम्बार यातना दिएको घटना सपनामा देखिरहने जस्ता आघातका (पोस्टट्रमाटिक) लक्षणहरू देखिएको थियो ।

२.७ १२ मे २००५ मा सेनाले निवेदकलाई बाँके जिल्ला प्रहरी कार्यालय नेपालगञ्जमा स्थानान्तरण गऱ्यो । उनलाई त्यहाँ पनि बन्दुक देखाएर पहिले हस्ताक्षर गरेको जस्तै बयानमा हस्ताक्षर गर्न लगाइयो । १२ मे २००५ मा इमामनगर ब्यारेक, कालीदल वाहिनीका लेफ्टिनेन्टले जिप्रकालाई निवेदकका सम्बन्धमा पत्र लेख्दै उनलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश २००४ को दफा ९ अन्तर्गत निवारक नजरबन्दमा राखिएको भनी जानकारी गराएका थिए ।[2] लेफ्टिनेन्टले पत्रमा निवेदक माओवादी आतंककारी गतिविधिमा संलग्न रहेको र माओवादीलाई सामान पैठारी गर्ने र मान्छे अपहरण गर्ने गरेको भनी उल्लेख गरेका थिए ।

२.८ १२ मे २००५ मा जिप्रकाका प्रहरी प्रशिक्षक बि.डि.के. ले एउटा नोट लेख्यो र त्यससँगै एकजना प्रहरी निरीक्षकले लेखेको अनि निवेदकको हस्ताक्षर भएको बयान पनि राख्यो । उक्त बयानमा सोही दिन शाही नेपाली सेनाका

[2] Section 9 reads: "In case where there exists appropriate grounds for believing that a person had to be stopped from doing anything that may cause a terrorist and destructive act, the Security officer may issue an order to keep him under preventive detention up to six months in "any humane place." If there are reasonable grounds to believe that any person has to be prevented from committing any terrorist activities from longer than that, on the approval of His Majesty the Government's Home Ministry, the Security Officer can issue an additional six month of preventive detention."

लेफ्टिनेन्टले उल्लेख गरेका अपराध र माओवादीका लागि सुराकी गरेको आरोप लगाइएको थियो । निवेदक स्मरण गर्छन् कि उनलाई बन्दुक देखाई डरत्रासका बीच बयान लेख्न र हस्ताक्षर गर्न लगाइएको थियो ।

२.९ १३ मे २००५ का दिन जिप्रका बाँकेका प्रहरी उपरीक्षक एस.एल. ले जिल्ला प्रशासन कार्यालय, बाँकेलाई एउटा पत्र लेखेर निवेदकलाई सेनाले १२ मे २००५ मा प्रहरी हिरासतमा पठाएको जानकारी गराएको थियो । प्रहरी उपरीक्षकले निवेदक माओवादी आतंककारी गतिविधिमा संलग्न भएको पाइएकोले उनलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश (टाडो) २००४ को दफा ९ अन्तर्गत निवारक नजरबन्दमा राख्न अनुमति पाऊँ भनी निवेदन गरेका थिए ।

२.१० १३ मे २००५ मा निवेदकलाई जिल्ला प्रशासन कार्यालयमा लगी सेना र जिप्रका बाँकेको पत्रका आधारमा टाडो अन्तर्गत निवारक नजरबन्दमा राख्न अनुमति दिइयो । सोही दिन निवेदकलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश (टाडो) अन्तर्गत निवारक नजरबन्दमा राखिएको पत्र थमाउँदै बाँके जिल्ला कारागारमा स्थानान्तर गरिएको थियो ।

२.११ २९ जुन २००५ मा निवेदकले सेनाद्वारा स्वेच्छाचारी पक्राउ, गैरकानुनी थुना तथा नजरबन्द र सैनिक हिरासतमा राखिँदा उनीमाथि भएको शारीरिक तथा मानसिक यातना दिइएको भन्दै पुनरावेदन अदालत, नेपालगञ्जमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए । उक्त रिटमा उनले जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी र जिल्ला कारागार शाखालाई विपक्षी बनाएका थिए । रिटमा उनले आफू माओवादी नभएको र टाडो २००४ अन्तर्गत थुनामा राखिएकोलाई चुनौती दिएका थिए । १ जुलाई २००५ मा अदालतले विपक्षीहरूका नाममा तीन दिनभित्र लिखित जवाफ पेश गर्ने आदेश जारी गरेको थियो । प्रतिउत्तर पत्रमा जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला कारागार शाखाले सेनाको औपचारिक अनुरोध समेतलाई उद्धृत गर्दै निवेदकलाई गैरकानुनी थुनामा राखेको कुरालाई अस्वीकार गरेका थिए । १४ सेप्टेम्बर २००५ मा पुनरावेदन अदालत नेपालगञ्जले निवेदकलाई अदालतमा उपस्थित गराई रिहा गर्न आदेश दियो । टाडो २००४ ले व्यवस्था गरेअनुसार प्रमुख जिल्ला अधिकारीले निवारक नजरबन्दमा राख्ने आदेश दिन सक्दैन भन्ने प्रक्रियागत आधारमा अदालतले निवेदकलाई रिहा गर्न आदेश दियो । अन्तमा निवेदकलाई १२६ दिन जिल्ला कारागारमा थुनामा राखेपछि १५ सेप्टेम्बर २००५ मा रिहा गरियो ।

२.१२ राष्ट्रिय उपचारको उपभोगको समाप्ति हुनुपर्ने भन्ने सम्बन्धमा निवेदकले २९ जुन २००५ मा बन्दीप्रत्यक्षीकरणको निवेदन पेश गरेपछि सम्बन्धित निकाय यातनाको आरोपबारे जानकार भएका थिए भन्ने कुरा जोड दिएका छन् । पुनरावेदन अदालतको नियमावलीको नियम २९ र ३० अनुसार यातना दिएको भन्ने देखिएमा अदालतले त्यसको अनुसन्धान गर्न समिति बनाउनसक्ने स्वविवेकीय अधिकार छ । यस मुद्दामा अदालतले यस अधिकारको प्रयोग गरेन । त्यस्तैगरी निवेदकका तर्फबाट यातनाको आरोप लगाइएको सम्बन्धमा जानकार हुँदाहुँदै पनि

प्रहरीले घटनाको सत्यतथ्य पत्ता लगाउन र पीडकविरुद्ध अभियोजन गर्न पहल गरेन । निवेदकले दाबी गरेका छन् कि बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरेको २ बर्ष बितिसक्दा पनि कुनै अनुसन्धान नहुनु भनेको अनावश्यक ढिलाइ गरिनु हो र यसले के देखाउँछ भने अन्य कुनै पनि उजुरी गरिनु व्यर्थ हुने थियो र सफलताको कुनै सम्भावना पनि रहने थिएन ।

२.१३ निवेदकले जिल्ला प्रहरी कार्यालय, बाँकेमा उजुरी दायर गर्ने प्रयास गरेको जिकिर गरेका छन् । तर प्रहरीले आफू यसका लागि उपयुक्त निकाय नभएको भन्दै दर्ता गर्न अस्वीकार गरेको थियो । निवेदकले समग्रमा पीडित, पीडितका आफन्तजन र विभिन्न गैरसरकारी संघसंस्थाहरूले विगत र वर्तमानमा सुरक्षाफौजद्वारा भइरहेका मानवअधिकार हनन घटनाहरू उपर उजुरी दर्ता गर्ने प्रयास गरेपनि प्रहरीले दर्ता गर्न अस्वीकार गरेको प्रसंग पनि प्रस्तुत गरेका छन् । उनको मानवअधिकार हननमा पीडकहरूको पहिचान गर्ने र जिम्मेवारी अधिकारीहरूउपर कारबाही गरिने गरी कुनै पनि प्राप्य र प्रभावकारी उपचार उपलब्ध नभएको तथ्य दोहोऱ्याएका छन् ।

२.१४ निवेदकले प्रहरी ऐन[3]ले ज्यादै अस्पष्ट र अप्रभावकारी प्रावधानहरूको व्यवस्था गरेको बाहेक नेपाली कानुनमा स्वेच्छाचारी थुना, यातना तथा अपमानजनक व्यवहारका लागि व्यक्तिगत जवाफदेहिताको व्यवस्था गरेको छैन भनी जोड दिएका छन् । प्रहरी ऐनले प्रमुख जिल्ला अधिकारी र प्रहरीलाई "कर्तव्यपालनको सिलसिलामा असल नियतले गरेको कार्य" भनी माफी दिने व्यवस्था गरेको छ ।[4] सैनिक ऐन २००६[5] ले पनि यातना र बेपत्तासम्बन्धी मुद्दा विशेष समितिले हेर्ने र त्यस्ता मुद्दाको अभियोजन सैनिक अदालतमा हुने भनी पीडकलाई वस्तुगत रूपमा कारबाहीको घेराभन्दा बाहिर राखेर त्यस्तै प्रकृतिको व्यवस्था गरेको छ । त्यसभन्दा पहिलेका सैनिक ऐन १९५९ ले सैनिक व्यवहार र शाही नेपाली सेनाको जिम्मेवारीलाई निर्देशित गरे पनि टाडो २००४ अन्तर्गत पक्राउ गरिएको मुद्दामा लागू हुँदैन ।

२.१५ निवेदकले २००६ मा हस्ताक्षर भएको बृहत् शान्ति सम्झौता अनुसार बनेको चारवटा संक्रमणकालीन संयन्त्रको प्रसंग कोट्याउँदै यी कुनै पनि संयन्त्रहरूले अनुसन्धान र फौजदारी अभियोजनलाई अगाडि बढाउन सक्नेछैन भनी उल्लेख गरेका छन् । नागरिक उपचारका सम्बन्धमा यातना क्षतिपूर्ति ऐन[6]को अप्रभावकारीता र पीडितले सहनुपर्ने दुर्व्यवहार र प्रतिशोधबारे औंल्याएका छन् । यस ऐनले व्यवस्था गरेका अन्य सम्भावनाहरूमा प्रहरी प्रशासनमा उजुरी हाली प्रशासनिक उपचारको खोजी गर्नु हो जसले अनुशासनको कारबाही मात्र गर्न सक्छ । राष्ट्रिय मानवअधिकार आयोगसमक्ष हालिएको उजुरी (सन् २००७ मा जम्मा ५३३) सम्बन्धमा आयोगले १४ वटा मुद्दामा पीडितलाई आर्थिक क्षतिपूर्ति उपलब्ध गराउन र पीडकविरुद्ध कानुनी कारबाही गर्न सरकारलाई सिफारिस गरेकोमा जम्मा एकजना पीडितले मात्र आर्थिक क्षतिपूर्ति प्राप्त गरेको थियो ।

---

[3] Section 34 (n), which provides liability for up to five years imprisonment, or suspension of salary for up to one year if "he unjustly harasses any person through arrogance or intimidation or causes loss or damage to the property of any person."
[4] Section 37.
[5] Section 22.
[6] The author refers to the report of the Special Rapporteur on torture and other cruel, inhumane or degrading treatment or punishment, Mission to Nepal, 9 January 2006, E/CN.4/2006/6/Add.5, para 3.

२.१६ उनको परिवारका सम्बन्धमा उनको परिवारले उनलाई ४, ५ महिनासम्म खोजतलास गरेपछि उनी सैनिक हिरासतमा जिउँदै रहेको अपुष्ट जानकारी प्राप्त गरेका थिए । तर त्यसपछि निवेदकका बारेका कुनै खबर प्राप्त नगरेकाले उनीहरूले निवेदक घर फर्कने आश मारिसकेको थिए र उनी मारिइसकेको विश्वास गरेका थिए । उनीहरूका बालबच्चा धेरै साना भएकाले उनकी श्रीमतीले उनीहरूको बुवा भारत गएको बताएकी थिइन् । उनी आफैँ डिप्रेसनको सिकार भएकी थिइन् र उनको बारम्बार टाउको दुख्ने गर्थ्यो । उनलाई जिल्ला कारागारमा राखिएपछि निवेदकले परिवारलाई आफू जिउँदै भएको जानकारी गराउन परिवारलाई एउटा पत्र लेखेका थिए । परिवारले सो पत्र निवेदकले नै लेखेको भनी विश्वास गर्न सकेनन् र उनको हजुरबुवालाई उनी साँच्चै जिउँदै छन् त भन्ने कुराको पुष्टि गर्न जिल्ला कारागारमा पठाएका थिए । निवेदकले आफूलाई पक्राउ गरी थुनामा राखिएको र यातना दिइएपछि उनको रिहाइपछि पनि उनले शारीरिक रूपमा काम गर्न नसक्ने भएकाले उनको परिवारमा परेको आर्थिक असरका बारेमा पनि जिकिर गरेका छन् ।

उजुरी

३.१ निवेदकले राज्यपक्षले अनुबन्धको धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७, धारा ९ र धारा १० को उल्लंघन गरेको दावी गरेका छन् ।[7]

३.२ निवेदकले उनको सम्बन्धका राज्यले धारा ७ को उल्लंघन गरेको आरोप लगाएका छन् : (क) इमामनगर सैनिक ब्यारेकमा ७ महिनासम्म थुनामा राखिँदा साबिती बयानलगायत हासिल गर्ने उद्देश्यले चरम तथा सुनियोजित रूपमा कुटपिट र अन्य प्रकारका यातना र दुर्व्यवहार गरेर,[8] (ख) उनलाई १३ महिनासम्म (२९ अप्रिल २००४ देखि १२ मे २००५ सम्म)[9] निवारक नजरबन्दमा राखेर, (ग) परिवारसँग भेट गर्ने अधिकारबाट वञ्चित गरेर (घ) उनलाई इमामनगर सैनिक ब्यारेकमा अमानवीय तथा अपमानजनक अवस्थामा थुनेर,[10] (ङ) इमामनगर सैनिक ब्यारेकमा उनीमाथि यातना तथा दुर्व्यवहार भएको भन्ने आरोपको अनुसन्धान गर्न असफल भएर, (च) परिवारलाई उनी पक्राउ परेको दिन २९ अप्रिल २००४ देखि उनलाई जिल्ला कारागारमा स्थानान्तरण गरेको मिति १३ मे २००५ सम्म, जहाँबाट उनले आफू थुनामा जिउँदै रहेको परिवारलाई पत्रमार्फत जानकारी गराएसम्म उनको अवस्था र कहाँ छन् भन्ने बारे परिवारलाई[11] जानकारी नदिई मानसिक चिन्ता र पीडा दिएर । निवेदकलाई १३ महिनासम्म बेपत्ता बनाइनुले धारा ७ अन्तर्गतको उनको अधिकार हनन भएको छ ।

---

[7] The author refers to the Committee's General Comment No 20 on article 7 A/47/40 (1992), para. 14

[8] The author refers to Communication No 973/2001, *Khalilova* v. *Tajikistan,* Views adopted on 30 March 2005.

[9] The author refers to Communication No 577/1994, *Polay* v. *Peru,* Views adopted on 6 November 1997, No 115/1982, *Wight* v. *Madagascar,* Views adopted on 1 April 1985, and No 449/1991, *Mojica* v. *Dominican Republic,* Views adopted on 15 July 1994.

[10] The author refers to Communication No 458/1991, *Mukong* v. *Cameroon,* Views adopted on 21 July 1994.

[11] The author refers to Communication No 107/1981, *Quinteros* v. *Uruguay,* Views adopted on 21 July 1983, No. 992/2001, *Bousroual* v. *Algeria,* 30 March 2006, para 9.8, and No 950/2000, *Sarma* v. *Sri Lanka,* Views adopted on 16 July 2003, para 9.5.

३.३ निवेदकले थुनामा राखिँदा गरिएको दुर्व्यवहार, थुनास्थलको भौतिक अवस्था र उनलाई निवारक नजरबन्दमा राखिएर धारा १० को उल्लंघन गरिएको दाबी गरेका छन् ।

३.४ निवेदकले उनको स्वेच्छाचारी पक्राउ र थुना सम्बन्धमा अनुबन्धको धारा ९, अनुच्छेद १,[12] अनुच्छेद २ र अनुच्छेद ३ को उल्लंघनको पीडित भएको पनि जिकिर गरेका छन् । २९ अप्रिल २००४ मा सेनाले उनलाई पक्राउ पर्नुको कारणबारे जानकारी नदिई, बिना कुनै अपराधको आरोप कुटपिट गरी पक्राउ गरेर लगेको र न्यायिक निकायसमक्ष उपस्थित नगराई १३ महिनासम्म (२९ अप्रिल २००४ देखि १२ मे २००५ सम्म) निवारक नजरबन्दमा राखेका थिए । यसका साथै निवेदकले सेनाले उनलाई पक्राउ गर्दा चाहिनेभन्दा बढी र अत्यधिक बल प्रयोग गरी वैयक्तिक सुरक्षाको हनन गरेकोले धारा ९, परिच्छेद १ उनको अधिकार हनन भएको दाबी गरेका छन् । धारा ९, परिच्छेद ४ को हनन सम्बन्धमा निवेदकलाई निवारक नजरबन्दमा राखेकाले उनले आफ्नो थुनाको वैधतालाई चुनौती दिनबाट वञ्चित भएको दाबी गरेका छन् ।[13]

३.५ उपचारका सम्बन्धमा निवेदकले राज्यपक्षलाई निष्पक्ष र स्वतन्त्र अङ्गबाट निष्पक्ष अनुसन्धानको प्रक्रिया अगाडि बढाउन र उनको स्वेच्छाचारी पक्राउ, नजरबन्द र यातनाका लागि जिम्मेवार भएको पाइएको अधिकारीलाई अभियोजन गर्न अनुरोध गर्न समितिलाई आह्वान गरेका छन् । उनले समितिसमक्ष राज्यपक्षलाई निवेदक, अन्य उजुरीकर्ताहरू र साक्षीहरूलाई डरत्रास र प्रतिशोधबाट मुक्ति दिलाउन पनि यस घटनाको अनुसन्धान गर्न र अनुसन्धानको प्रगति र परिणामबारे पीडितलाई जानकारी दिन निर्देशन दिन माग गरेका छन् । उनले अनुसन्धान र अभियोजनका लागि उन्मुक्ति जस्ता बाधाव्यवधान हटाउन, प्रधानसेनापतिविरुद्धको आरोपमाथि निष्पक्ष अनुसन्धान पूरा नभएसम्मका लागि पदबाट निलम्बन गर्न सरकारलाई समक्ष अनुरोध गर्न पनि आह्वान गरेका छन् । उनले राज्यपक्षबाट उनी र उनको परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन, उनीहरूको मेडिकल र मनोसामाजिक स्वाथ्योपचारको प्रबन्ध गर्न र शैक्षिक क्षेत्रमा सहयोग गरी परिपुरण उपलब्ध गराउन माग पनि गरेका छन् ।

ग्राह्यता तथा विषयवस्तुका सम्बन्धमा राज्यपक्षको दृष्टिकोण

४.१ २१ अगस्ट २००९ मा राज्यपक्षले यस मुद्दाको ग्राह्यता तथा विषयवस्तु सम्बन्धमा आफनो दृष्टिकोण प्रस्तुत गऱ्यो । पहिलो कुरा त निवेदकले आफ्नो तर्फबाट राष्ट्रिय उपचारको उपभोगको समाप्ति गरेको छैन । बन्दीप्रत्यक्षीकरणको रिट निवेदन थुनाको वैधता सम्बन्धमा मात्र सीमित रहेको हुन्छ र निवेदकले उल्लेख गरेजस्तै राज्यपक्षले अनुसन्धान गरिहाल्नुपर्ने हुँदैन । निवेदकले यातना क्षतिपूर्ति ऐनको दफा ५ अनुसार यातना पाएको ३५ दिनभित्र जिल्ला अदालतमा क्षतिपूर्तिका लागि निवेदन हाल्न असफल रहे । यस्ता निवेदन हालेको खण्डमा जिल्ला

[12] The author refers, *inter alia*, to Communications No 305/1988, *Mukong* v. *Cameroon*, Views adopted on 21 July 1994, para. 9.8; No 950/2000, *Sarma* v. *Sri Lanka*, Views adopted on 16 July 2003, para 9.4; No 540/1993, *Celis Laureano* v. *Peru*, Views adopted on 25 March 1996, para 8.6; and No 563/1993, *Arrellana* v. *Colombia*, Views adopted on 27 October 1995, para 8.5.
[13] The author refers to Communication No 1128/2002, *Marques de Morais* v. *Angola*, Views adopted on 29 March 2005.

अदालतले ३ दिनभित्र निवेदकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गर्न आदेश दिन सक्थ्यो र सरकारले पनि सोहीअनुरूप आवश्यक स्वास्थ्योपचारको व्यवस्था गर्न सक्थ्यो । यस्ता निर्णयले निवेदकलाई ३५ दिन भित्र क्षतिपूर्ति उपलब्ध गराउनसक्ने सम्भावना पनि रहन्थ्यो । यातना दिइएको पाइएमा जिल्ला अदालतले जिम्मेवार सरकारी कर्मचारीउपर विभागीय कारबाहीको सिफारिस पनि गर्न सक्थ्यो । निवेदकले यो शीघ्र र प्रभावकारी राष्ट्रिय उपचारको उपयोग नगरेको देखिन्छ ।

४.२ राज्यपक्षले आफ्नो तर्क राखेको छ कि निवेदकले मानवअधिकार हननका घटनाउपर अनुसन्धान गर्ने, राष्ट्रिय निकायसमक्ष सिफारिस गर्ने, आयोगसमक्ष उपस्थित हुन र प्रमाण प्रस्तुत गर्न आदेश दिने, र मानवअधिकार हननका पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्नसक्ने संवैधानिक अधिकार सम्पन्न तथा मानवअधिकार आयोग ऐन १९९७ अनुसार गठित, स्वतन्त्र राष्ट्रिय मानवअधिकार आयोगसमक्ष निवेदन दर्ता गराएका छैनन् । निवेदक आयोगसमक्ष निवेदन दर्ता गराउन असफल भएका कारणले उनको हकमा राष्ट्रिय उपचारको उपभोगको समाप्ति भइसकेको छैन । त्यसकारण यी आधारहरूमा यस मुद्दाको ग्राह्यता नपुग्ने भएकाले यस मुद्दालाई ग्रहण नगर्न र निवेदकले प्राप्त र प्रभावकारी राष्ट्रिय उपचार उपभोग गर्न असफल भएकाले आफ्नो अधिकारको गलत प्रयोग गरेको ठहर गर्न अनुरोध गरेको छ ।

४.३ विषयवस्तुका सम्बन्धमा राज्यपक्षले निवेदकको आरोपलाई खण्डन गर्दै आतंककारी तथा विध्वंसात्मक गतिविधिमा उनको सक्रिय सहभागिता रहेको भरपर्दो गुप्तचर सूचनाका आधारमा उनको पक्राउ र थुना भएको हुनसक्छ भनी तर्क गऱ्यो । टाडो २००४ ले सुरक्षा फौजलाई कुनै पनि व्यक्तिलाई बढीमा १ वर्षसम्म थुनामा राख्ने र एक समितिको सिफारिसमा समयसमयमा पुनर्मूल्यांकन गरिने गरी अधिकार दिएको थियो । राज्यपक्षले देशमा व्याप्त सशस्त्र द्वन्द्व र त्यसले निम्त्याएको संकटकालको अवस्थाको बारेमा पनि उल्लेख गरेको छ । व्यक्ति पक्राउ परेको लामो समयसम्म पनि परिवारलाई त्यसको बारेमा जानकारी उपलब्ध नगराइएको सम्बन्धमा थुनुवा र तिनको परिवारका साथै थुनास्थलको सुरक्षाका कारणले गर्दा भन्ने उल्लेख गरेको छ ।

४.४ निवेदकको थुनास्थलको अवस्थाका सम्बन्धमा राज्यपक्षले निवेदनमा उल्लेखित अवस्था नेपाली जनताको जीवनस्तर अनुसार मानवीय नै भएको दाबी गरेको छ । त्यहाँको अवस्था शाही नेपाली सेनालाई उपलब्ध अवस्थाकै भएको राज्यपक्षको दाबी छ । निवेदकउपर भएको भनिएको यातना सम्बन्धमा निवेदकलाई १२ मे २००५ मा प्रहरीलाई बुझाइँदा बुझबुझारथ पत्रमा यातनाका सम्बन्धमा कुनै उल्लेख नभएकोले उनीमाथि कुनै प्रकारको यातना नभएको देखाउँछ । त्यसका साथै निवेदकले बुझाएको स्वास्थ्य जाँच प्रतिवेदनमा पनि यातनाका सम्बन्धमा कुनै उल्लेख भएको छैन । राज्यपक्षले निवेदकको १५ सेप्टेम्बर २००५ मा रिहा भए पनि स्वास्थ्य जाँचका लागि ८ महिना कुरेको पनि उल्लेख गरेको छ । यस्ता प्रमाण हिरासतमा राखिँदा यातना दिएको भनी प्रमाणको आधार बन्न सक्दैन । अन्तमा, राज्यपक्षले निवेदकको आरोपको विपरीत टाडो २००४ ले सुरक्षाफौजलाई उन्मुक्ति दिँदैन भनी तर्क प्रस्तुत गरेको छ । दफा १९ (४) ले व्यवस्था गरेको छ कि यदि यस ऐनलाई गलत नियतले प्रयोग गरिएमा मर्का पर्ने पक्षलाई उचित

क्षतिपूर्ति उपलब्ध गराइनेछ र सम्बन्धित अधिकारीलाई विभागीय कारबाही गरिनेछ । त्यस्तैगरी प्रमाण ऐनको दफा ९ ले पनि यातना दिएर लिइएको साबिती प्रमाणमा ग्रहण गरिनेछैन ।

राज्यपक्षको दृष्टिकोणमाथि निवेदकको टिप्पणी

५.१ ०२ डिसेम्बर २००९ मा निवेदकले राज्यपक्षको दाबीलाई अस्वीकार गरेका छन् । उनलाई लगभग सात महिनासम्मको थुनाअवधिमा झण्डै १०० पटकसम्म यातना दिइएको पुनः दोहोऱ्याएका छन् । निवेदकले थुनास्थलको अवस्थालाई स्मरण गर्दै त्यो अनुबन्धको धारा ७ मा उल्लेखित क्रूर, अमानवीय तथा अपमानजक व्यवहारको तहमा पुगेको थियो भनी पुनः दाबी गरेका छन् ।

५.२ राष्ट्रिय उपचारको उपभोगको समाप्ति सम्बन्धमा निवेदकले सम्पूर्ण राष्ट्रिय उपचारको उपभोगको समाप्ति नगरेको भन्ने आरोपको खण्डन गरेका छन् । उनले २९ जुन २००५ मा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेकोमा जोड दिएका छन् । यो नै उनी बाँके जिल्ला जेलमा राखिएको अवस्थामा उनको थुना र उनीमाथि भएको दुर्व्यवहारविरुद्ध उजुरी गर्ने तत्काल प्राप्त मौका थियो । यस निवेदनमा निवेदकले उनको थुना, सैनिक ब्यारेकमा जबर्जस्ती बेपत्ता, नजरबन्द र उनीमाथि भएको यातना तथा दुर्व्यवहारका लागि राज्यपक्षले कुनै आधार लिन नसकेको भनी दाबी गरेका छन् । पुनरावेदन अदालत नेपलागञ्जले आफैँ यातनाको आरोपउपर छानबिन गर्न एउटा समिति गठन गर्ने वा कार्यपालिकालाई एकजना अधिकारीको मातहतमा छानबिन गर्ने समिति बनाउन आदेश दिन सक्ने क्षेत्राधिकार हुँदाहुँदै पनि उनको रिहाइको मात्र आदेश दिएको थियो । अदालतले यी कुनै पनि उपायहरू अवलम्बन नगरेर छानबिनलाई अगाडि बढाउन असफल भएको छ ।

५.३ नेपाली कानुन अनुसार प्रहरी वा सेनाको कामकारबाहीको अनुसन्धान गर्ने अर्को अङ्ग भनेको नेपाल प्रहरी नै हो । यस मुद्दामा निवेदकले बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयलाई विपक्षी बनाएकाले उनीहरू निवेदकको आरोपबारे जानकार नै थिए । तर उनीहरुले कारबाही अगाडि बढाउन असफल भए । रिहा भएपछि पनि निवेदकले प्रहरीमा उजुरी दर्ता गर्ने प्रयास गरे पनि प्रहरीले उजुरी दर्ता गर्न इन्कार गरेका थिए । राज्यपक्षलाई जानकारी गराइएको चार बर्ष बितिसक्दा पनि सम्बन्धित निकायले निवेदकको आरोपउपर छानबिन गरी आफ्नो दायित्व पूरा गर्न अझै बाँकी छ । यो अनावश्यक ढिलासुस्ती हो भनी दाबी गरेका छन् । उनले यातना क्षतिपूर्ति सम्बन्धी ऐनले व्यवस्था गरेको जस्तो अप्रभावकारी र निरर्थक स्थानीय उपचारको उपभोग कुरिरहनु आवश्यक छैन भनी तर्क गरेका छन् । निवेदकले यातना पाएको ३५ दिनभित्र उजुरी गरिसक्नुपर्ने हदम्यादको पनि जिकिर गरेका छन् । निवेदकलाई इमामनगर सैनिक ब्यारेकमा नजरबन्दमा र बाँके जिल्ला जेलमा राखिएकोले हदम्यादभित्र उजुर गर्न असमर्थ भएका थिए । बाँके जिल्ला अदालतमा राखिँदा उनले आफ्ना अधिवक्तासँग एकान्तमा कुरा गर्न नपाएकोले यातनाका बारेमा बताउन पाएनन्, यातनाका बारेमा बताउन पाएका भए यातना क्षतिपूर्ति ऐन अनुसार निवेदन दर्ताका लागि तयारी अगाडि बढ्नसक्ने थियो । सो ऐनअनुसार निवेदकले स्वास्थ्य जाँचको प्रतिवेदन

पनि उपलब्ध गराउनुपर्ने थियो तर निवेदक थुनामा रहेकाले त्यसो गर्न असम्भव थियो । रिहा भएको ३५ दिनभित्र निवेदकले यातना क्षतिपूर्ति ऐन अन्तर्गत निवेदन दर्ता गराउन तत्कालीन डरत्रासको वातावरण र उनलाई पुनः पक्राउ गरिने र यातना दिइने डरले गर्दा आँट गर्न सकेनन् । निवेदकले यातना क्षतिपूर्तिको २०० उजुरी दर्ता भएकोमा मात्र चारजनालाई मात्र क्षतिपूर्ति उपलब्ध भएकोले यो उपचार पनि अप्रभावकारी भएकोमा जोड दिएका छन् । उनले यस ऐन अन्तर्गत दर्ता भएका मुद्दाहरूमा मात्र २ प्रतिशत उजुरी सेनाका विरुद्ध दर्ता भएका छन् । राष्ट्रिय मानवअधिकार आयोगका सम्बन्धमा निवेदकले यो न्यायिक उपचार नभएको र यसलाई सिफारिस गर्ने अधिकार मात्र भएकाले उनको जस्तो गम्भीर प्रकृतिको मुद्दाका लागि उचित निकाय नभएको दाबी गरेका छन् । यस उपचारका लागि थप अडचनहरूमा राज्यपक्षले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न असमर्थ रहेको र निवेदकको थुनाको समयमा यसले स्वतन्त्र रूपमा कार्य गर्न सकेको थिएन ।

५.४ विषयवस्तुका सम्बन्धमा राज्यपक्षको धारणालाई सम्बोधन गर्दै र अनुबन्धको धारा ४ लाई उद्धृत गर्दै निवेदकले जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई निरपेक्ष रूपमा निषेध गरिएको र कुनै पनि अवस्थामा हरण गर्न नसकिने भएकोले उनीमाथि भएको ज्यादतीलाई तत्कालीन राजनीतिक अवस्थाको कारणले गर्दा भएको भनी भन्नु न्यायोचित हुँदैन । नजरबन्दका सम्बन्धमा पनि सोही दाबी गर्न सकिन्छ जसलाई अनुबन्धको धारा ७ ले व्यवस्था गरेको छ यसको बचाव पनि निरपेक्ष र कुनै अवस्थामा पनि हरण गर्न सकिन्न ।[14]

५.५ निवेदकको पक्राउको आधारका सम्बन्धमा उनलाई १३ मे २००४ मा अर्थात् सुरु पक्राउ परेको १ वर्ष १५ दिन पछि मात्र टाडो २००४ अनुसार पक्राउ गरिएकोमा जोड दिएका छन् । यस मितिभन्दा पहिले राज्यपक्षले उनको पक्राउको कारणबारे जानकारी दिएको थिएन । पुनरावेदन अदालत नेपालगञ्जले पनि उनको पक्राउ र इमामनगर सैनिक ब्यारेक र बाँके जिल्ला कारागारमा थुना स्वेच्छाचारी र गैरन्यायिक भएको फैसला गरेको थियो । निवेदकलाई १३ मे २००५ मा निवारक नजरबन्दमा राखिएको जानकारी गराइएपछि अनुबन्धको धारा ४ ले व्यवस्था गरे अनुसारको निवारक नजरबन्दको औपचारिक रूपमा अन्त्य भएको थियो । टाडोको दफा ९ अनुसार निवारक नजरबन्दलाई ६ महिनाको अवधिमा मात्र पुनर्मूल्याङ्कन गरिन्छ । निवेदकलाई टाडो अनुसार निवारक नजरबन्दमा राखेको ५ महिना मात्र भएकोले उनको निवारक नजरबन्दलाई पुनर्मूल्याङ्कन गरिएको थिएन ।

५.६ निवेदक उनीमाथि भएको व्यवहारको विभिन्न पक्षहरू धारा ७ विरुद्ध भएको र त्यसको निषेधको निरपेक्ष चरित्रको स्मरण गर्छन् ।[15] निवेदकमाथि यातना भएको भए प्रहरीले निवेदकलाई सेनाबाट आफ्नो नियन्त्रणमा लिँदा यातना चिह्नहरूबारे उल्लेख गरेको हुनुपर्थ्यो भन्ने राज्यपक्षको तर्क अपूर्ण छ किनभने तत्कालीन समयमा प्रहरीलाई सेनाको मातहतमा राखिएको थियो । स्वास्थ्य जाँच प्रतिवेदनका सम्बन्धमा उनको रिहाइ नभएसम्म निवेदकले स्वतन्त्र स्वास्थ्यकर्मीलाई भेट्न पाएनन् । उनले थपेका छन् कि थुनुवालाई प्रतिशोधको खतरारहित तरिकाले स्वास्थ्य जाँचको

[14] The author refers to communication No 950/2000, *Sarma* v. *Sri Lanka*, *supra*, note 19, para 9.5.

[15] The author refers to the Committee's General Comment No 20 on article 7 (A/47/40) (10 March 1992) at para 3.

सुविधा उपलब्ध गराउनु राज्यको दायित्व हो । यातना क्षतिपूर्ति ऐन अनुसार थुनुवालाई हिरासतमा राखिनु वा रिहा गरिनुपूर्व थुनुवाको स्वास्थ्य जाँच गरिनु र त्यसको एक प्रति जिल्ला अदालतमा चढाउनपर्ने व्यवस्था छ तर निवेदकको हकमा उनीमाथि भएको यातनाको अभिलेखीकरण हुन नदिन स्वास्थ्य जाँच गराइएन । निवेदकले यातनाको बारेमा उल्लेख गर्दै पुनरावेदन अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेपछि पनि राज्यपक्षले निवेदकको स्वास्थ्य जाँचका लागि आदेश दिन असफल रहे । निवेदक रिहा भएको करिब आठ महिनापछि मात्र किन निजले स्वास्थ्य जाँच गरायो भन्ने सम्बन्धमा निवेदकले स्वास्थ्य जाँचका लागि पैसा थिएन र नजिकको अस्पताल नेपालगञ्जमा सेना र प्रहरीको ठूलो मात्रामा उपस्थिति भएकोले डरत्रासका कारण अस्पताल जानका सकिएन भनी कारण दिएका छन् । उनले मे २००६ मा मात्र केही पैसाको जोहो गर्न सफल भएपछि चिकित्सककोमा गएका थिए । निवेदकले उल्लेख गरेका छन् कि लामो समयसम्म आँखामा पट्टि बाँधेर राखिएकोले उनको आखाको ज्योति कम हुँदै गएको छ भने उज्यालोमा हेर्न अप्ठ्यारो हुने गरेको छ ।

समितिमा विवाद र सुनुवाइ

ग्राह्यता उपर विचार

६.१ उजुरीमा लिइएको दाबीउपर छलफल गर्नुपूर्व मानवअधिकार समितिले यसको कार्यविधिको नियम ९३ अनुसार यो मुद्दा अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत ग्राह्य छ कि छैन भनी हेर्नुपर्छ ।

६.२ ऐच्छिक आलेखको धारा ५, अनुच्छेद २ (क) ले व्यवस्था गरे अनुसार समितिले निर्क्यौल गरेको छ कि यस मुद्दालाई अन्य अन्तर्राष्ट्रिय अनुसन्धान वा व्यवस्थापन प्रक्रिया अन्तर्गत हेरिएको छैन ।

६.३ राष्ट्रिय उपचारको उपभोगको समाप्ति सम्बन्धमा समिति स्मरण गर्न चाहन्छ कि ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) ले निर्धारित गरेअनुसार यो प्राप्य र प्रभावकारी हुनुपर्छ र अनावश्यक रूपमा ढिलासुस्ती हुन हुँदैन ।[16] समितिले राज्यपक्षको निवेदकले यातना क्षतिपूर्ति ऐनले उपलब्ध गराएको क्षतिपूर्तिको लागि पहल गर्न असफल रहेको भन्ने तर्कलाई स्मरण गरेको छ । तर समितिले यातना दिएको ३५ दिनभित्र उजुर गरिसक्नुपर्ने हदम्यादको बारेमा पनि स्मरण गरेको छ । तर सो अवधिमा निवेदकलाई इमामनगर सैनिक ब्यारेकमा नजरबन्द र बाँके जिल्ला कारागारमा बन्दी बनाइएको अवस्थामा उनलाई भौतिक रूपमै सो कानुनी उपचारका लागि पहल गर्न असम्भव भएको पनि समितिले स्मरण गरेको छ । निवेदकले पुनरावेदन अदालत, नेपालगञ्जमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन पेश गरेको र निवेदकको आरोपबारे प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयलाई पनि अवगत भए पनि उक्त

[16] Communications No. 1560/2007, *Marcellana and Gumanoy* v. *The Philippines*, Views adopted on 30 October 2008, para. 6.2; and No. 1469/2006, *Sharma* v. *Nepal*, Views adopted on 28 October 2008, para. 6.3.

आरोपउपर चार वर्षसम्म कुनै पनि अनुसन्धान नभएको पनि समिति स्मरण गर्दछ । त्यसैले यस घटनामा अनुसन्धानका लागि अस्वाभाविक ढिलासुस्ती भएको ठहर समितिले गरेको छ । अन्तमा राष्ट्रिय मानवअधिकार आयोग लगायत नेपालका अन्य राष्ट्रिय मानव अधिकार संयन्त्रहरूलाई ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) ले व्यवस्था गरेको न्यायिक उपचार प्रदान गर्नसक्ने हैसियत प्रदान गरिएको छैन । त्यसकारण निवेदकले ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) ले व्यवस्था गरेका मापदण्डहरू पूरा गर्न ती निकायमा निवेदन दिनु जरुरी छैन ।

६.४ समितिले यस निवेदनलाई ग्रहण गर्न कुनै बाधाव्यवधान भएको देख्दैन । त्यसैले समितिले यस निवेदनलाई अनुबन्धको धारा २, परिच्छेद २ को सामञ्जस्यतामा धारा ७, ९ र १० अन्तर्गत ग्राह्य भएको ठहर गर्दछ ।

मुद्दाको विषयवस्तुउपर विचार

७.१ मानवअधिकार समितिले यस निवेदनलाई दुवै पक्षहरूबाट प्राप्त सबै जानकारीका आधारमा यो निवेदनउपर ऐच्छिक आलेखको धारा ५, परिच्छेद १ बमोजिम विचार गरेको छ ।

७.२ यस समितिले निवेदकको नजरबन्दमा राखिएको भनिएको सम्बन्धमा उनलाई बाहिरी संसारसँग सम्पर्क गर्न नदिई अनिश्चित कालसम्म थुनामा राख्दा भोग्नुपरेको पीडाको गहिराइ महसुस गर्छ । समिति यहाँ धारा ७ उपर गरिएको सामान्य टिप्पणी नं. २० को स्मरण गर्न चाहन्छ जसले पक्षराष्ट्रले नजरबन्दका विरुद्ध कानुनी प्रावधानको व्यवस्था गर्नुपर्ने सिफारिस गरेको छ । समितिले निवेदकलाई २९ अप्रिल २००४ देखि १२ मे २००५ अर्थात् १३ महिनासम्म परिवार र बाहिरी संसारसँग सम्पर्कबाट वञ्चित गरी नजरबन्दमा राखेको भन्ने निवेदकको दाबीलाई विचार गरेको छ । निवेदककी श्रीमतीले उनको श्रीमान्लाई सैनिक ब्यारेकभित्र लगेको देखेको भन्ने दाबीलाई पनि समितिले विचार गरेको छ । यस सम्बन्धमा राज्यपक्षले अन्यथा जानकारी उपलब्ध गराएको छैन ।

७.३ निवेदको थुनाअवस्था क्रूर, अमानवीय तथा अपमानजनक भएको भन्ने दाबीलाई पनि समितिले स्मरण गरेको छ । निवेदकलाई साँघुरो अँध्यारो फोहोर कोठामा राखिएको, थोरै पानी, चर्पीको लागि पानी नभएको र थुना अवधिभर जम्मा दुईपटक मात्र नुहाउन दिइएको थियो । थुना अवधिको १३ महिनामा १० महिनासम्म उनलाई आँखामा पट्टि र हातमा हथकडी लगाएर राखिएको थियो । निवेदकले उनीमाथि भएको यातना तथा दुर्व्यवहारका बारेमा पूर्ण जानकारी दिएका छन् जसमा उनलाई इमामनगर सैनिक ब्यारेकमा १३ महिनासम्म नजरबन्दमा राखिँदा १०० पटक भन्दा बढी यातना दिएका थिए ।

७.४ राज्यपक्षले आफू वा आफ्ना प्रतिनिधिउपर अनुबन्धको उल्लंघन भएको आरोप लागेमा निजले असल नियतले छानबिन गरी त्यसको जानकारी समितिलाई गराउनु राज्यपक्षको कर्तव्य हो । निवेदकको आरोप स्वतन्त्र प्रमाणहरूले पुष्टि भएको र थप पुष्टिका लागि आवश्यक जानकारी राज्यपक्षसँग भएको अवस्थामा राज्यपक्षबाट सन्तोषजनक

प्रमाण वा विवरण प्राप्त नभएको अवस्थामा समितिले निवेदकको आरोपलाई पुष्ट गर्न सक्छ । राज्यपक्षबाट चित्तबुझ्दो जवाफ प्राप्त नभएको अवस्थामा निवेदकको आरोपलाई विशेष महत्व दिनुपर्ने हुन्छ ।[17]

७.५ समितिले सामान्य टिप्पणी नं २० लाई स्मरण गर्न चाहेको छ जसमा समितिले प्रतिबन्धित कार्यहरुको सूची बनाउन वा विभिन्न प्रकारका सजाय वा व्यवहारबीच फरक छुट्याउन आवश्यक नभएको र त्यो अपराधको प्रकृति, उद्देश्य र दुर्व्यवहारको गहनतामा भर पर्दछ भन्ने टिप्पणी गरेको छ ।[18] यसका साथै तथ्यले इङ्गित गरेमा समितिले त्यस्ता व्यवहारलाई यातनाका रूपमा स्वीकार गर्न सक्छ । सोका लागि समितिले यातनाविरुद्धको महासन्धिको धारा १, अनुच्छेद १ ले व्यवस्था गरेको "यातना भन्नाले कुनै व्यक्ति वा तेस्रो व्यक्तिबाट सूचना वा साबिती हासिल गर्ने उद्देश्यले निजले वा तेस्रो व्यक्तिले गरेको कुनै कार्यका लागि सजाय दिने उद्देश्य वा कुनै कार्य गरेको आशंकामा वा निज वा तेस्रो व्यक्तिलाई दबाब दिने उद्देश्यले वा कुनै प्रकारका भेदभावका आधारमा कुनै व्यक्तिलाई जानीजानी मानसिक वा शारीरिक पीडा वा कष्ट दिनु यातना हो" भन्ने परिभाषाको स्मरण गरेको छ । समितिले महसुस गरेको छ कि यो परिभाषा यसभन्दा पहिले सबै व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको घोषणाले यातनालाई "थप गम्भीर तथा जानाजान गरिएको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय" भनी गरेको परिभाषाभन्दा भिन्न रहेको छ । त्यसैगरी यसले साधारणतया एकातिर यातना भने अर्कोतिर अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबीच महत्वपूर्ण अन्तर गर्ने हिसाबमा सान्दर्भिक उद्देश्यमूलक तत्वको उपस्थिति वा अन्यथाउपर विचार गर्छ ।

७.६ समितिलाई प्राप्त जानकारीका आधार र धारा ७ ले संकटकाल लागू भएको अवस्थामा[19] पनि हदम्याद स्वीकार नगर्ने हुनाले निवेदकमाथि भएको यातना तथा दुर्व्यवहार भएको ठहर समितिले गरेको छ साथै निजको नजरबन्द र थुनास्थलको अवस्थाले अनुबन्धको धारा ७ को एकल तथा बहुल हनन भएको ठहर गर्दछ ।

७.७ निवेदकलाई अप्रिल २००४ देखि मे २००५ सम्म अर्थात् जिल्ला कारागारमा स्थानान्तरण गरेपछि निजले परिवारलाई आफू जीवित भएको र कारागारमा बन्दी बनाएर राखिएको जानकारीसहित पत्र लेख्न सफल भएसम्मको अवधिसम्म निजलाई बेपत्ता बनाउँदा निवेदक र उनको परिवारलाई पुग्न गएको चिन्ता र कष्टलाई समितिले मनन गरेको छ । परिवारले कहिले पनि निजको थुनाबारे औपचारिक जानकारी प्राप्त गरेन । त्यसैले समितिलाई प्राप्त

---

[17] *See* communications No. 1295/2004, *El Awani* v. *Libyan Arab Jamahiriya, supra,* note 33, para. 6.5; No. 1422/2005, *El Hassy* v. *Libyan Arab Jamahiriya,* Views adopted on 24 October 2007, para.6.2; No. 540/1993, *Celis Laureano* v. *Peru, supra,* note 22, para. 8.5; and No. 458/1991, *Mukong* v.*Cameroon,* Views adopted on 21 July 1994, para. 9.4.

[18] General comment No. 20: Article 7 (Prohibition of torture or other cruel, inhuman or degrading treatment or punishment), paragraph 4.

[19] General Comment No. 20, *supra*, para. 3.

जानकारीका आधारमा निवेदकको श्रीमती तथा बच्चाहरूको सम्बन्धमा अनुबन्धको धारा ७ को सामञ्जस्यतामा धारा २, परिच्छेद ३ को हनन भएको समितिले ठहर गर्दछ ।[20]

७.८ अनुबन्धको धारा ९ को उल्लंघन सम्बन्धमा समिति स्मरण गर्छ कि निवेदकका अनुसार २९ अप्रिल २००४ मा उनलाई तत्कालीन शाही नेपाली सेनाका सिपाहीले पक्राउपुर्जी बिना जबर्जस्ती पक्राउ गरी मध्यपश्चिम डिभिजन हेडक्वाटरमा (इमामनगर ब्यारेक) पक्राउको जानकारी नदिई नजरबन्दमा राखेका थिए । समितिले निवेदकलाई निवारक नजरबन्दमा राखेको अवस्थामा कहिले पनि अदालत समक्ष उपस्थित नगराइएको जसले गर्दा २९ जुन २००५ मा निजले पुनरावेदन अदालत, नेपालगञ्जमा बन्दीप्रत्यक्षीकरणको रिट पेश गर्नु अगाडि निजको स्वेच्छाचारी थुनाका विरुद्ध अदालतमा चुनौती दिन सकेनन् । समितिले संकटकाल घोषणासँगै प्रचलनमा ल्याइएको आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश २००४ को अधिकार प्रयोग गरी निवेदकलाई पक्राउ गरिएको र उक्त अध्यादेशले शंकास्पद व्यक्तिलाई पक्राउ गर्ने र १ वर्षसम्म थुनामा राख्ने अधिकार दिएको छ भन्ने राज्यपक्षको दाबीलाई पनि टिपोट गरेको छ । प्राप्त मिसिलबाट निवेदकलाई सो आधारमा १३ मे २००५ मा सेनाले पक्राउ गरी र प्रहरीलाई हस्तान्तरण गरेको देखिन्छ । तर निवेदकको पक्राउ तथा २९ अप्रिल २००४ देखि १३ मे २००५ सम्मको थुना सम्बन्धमा राज्यपक्षबाट प्रासङ्गिक स्पष्टीकरणको अभावमा समितिले धारा ९ को उल्लंघन भएको ठहर गर्दछ ।[21]

७.९ समितिले धारा १० को सम्बन्धमा र पक्षराष्ट्रको थुनास्थलको अवस्थालाई सम्पूर्ण नेपालीहरूको बसोबासको स्तरको मापदण्ड अनुसार हेरिनुपर्छ भन्ने तर्कलाई समितिले स्मरण गरेको दोहोऱ्याउन चाहन्छ र स्मरण गर्न चाहन्छ कि स्वतन्त्रता हनन भएका व्यक्तिहरूउपर मानवीय व्यवहार गरिनु र उनीहरूको प्रतिष्ठाको सम्मान गरिनु आधारभूत तथा विश्वव्यापी रूपमा प्रचलित नियम हो । फलस्वरूप यस नियमको न्यूनतम प्रयोगमा पनि राज्यपक्षलाई प्राप्त भौतिक संसाधनका उपलब्धतामा निर्भर हुनहुन्न ।[22] यसका साथै समिति आफ्नै धारणा स्मरण गर्न चाहन्छ कि धारा ४ को परिच्छेद २ मा यसलाई अहरणीय अधिकारको सूचीबाट छुट्टै व्यवस्था नगरिएकोले अन्तर्राष्ट्रिय कानुनको यो प्रचलनलाई हरणीय मान्न सकिन्न ।[23] समितिलाई प्राप्त सूचनाका आधारमा र यो मुद्दा धारा ७ सँग सम्बन्धित भएको र त्यस अन्तर्गत प्राप्त नतिजाका आधारमा समितिले धारा १०, अनुच्छेद १ अन्तर्गतको निवेदकको अधिकार हनन भएको ठहर गर्दछ ।

७.१० निवेदक अनुबन्धको धारा २, अनुच्छेद ३ लाई पनि सन्दर्भ बनाउँछन् जसमा राज्यपक्षले अनुबन्धमा व्यवस्था भएअनुसार व्यक्तिहरूको अधिकार स्थापनाका लागि पहुँचयोग्य, प्रभावकारी, तथा लागू गर्न सकिने उपचारको व्यवस्था

---

[20] *See* communication No 1640/2007, *El Abani* v. *Libyan Arab Jamahiriya*, Views adopted on 26 July 2010, para. 7.5; No. 1295/2004, *El Awani* v. *Libyan Arab Jamahiriya*, *supra* note 33, para. 4; No. 107/1981, *Quinteros* v. *Uruguay*, Views adopted on 21 July 1983, para. 14; and No 950/2000, *Sarma* v. *Sri Lanka*, *supra* note 33, para. 9.5.

[21] *See* communications No. 1297/2004, *Medjnoune* v. *Algeria*, Views adopted on 14 July 2006, para.8.5; and No.1469/2006, *Sharma* v. *Nepal*, *supra* note 33, para. 7.3.

[22] General Comment No. 21 on article 10 (10 April 1992), para. 4.

[23] General Comment No. 29 on article 4, A/56/40 (Vol. I), Annex VI, para. 3.

गर्नुपर्दछ । संकटकालका दौरान पनि अधिकारको उल्लंघन भनिएका घटनाको सम्बोधनका लागि उपयुक्त न्यायिक तथा प्रशासनिक संयन्त्रको स्थापना गर्नुपर्ने राज्यपक्षहरूको दायित्वलाई समितिले उच्च महत्व दिएको कुरालाई समिति यहाँ पुनः दोहोऱ्याउँछ ।[२३] उल्लंघन भनिएका घटनाउपर राज्यपक्षले अनुसन्धान नगर्नुले अनुबन्धको बेग्लै उल्लंघनको अवस्था सिर्जना गर्छ भनी समिति यहाँ थप स्मरण गर्दछ ।[२४] यो निवेदनमा समितिले प्राप्त गरेको सूचनाले संकेत गरेअनुसार निवेदकले प्रभावकारी उपचारमा पहुँच नपाएको देखिन्छ त्यसैले समिति यो निष्कर्षमा पुग्छ कि यससमक्ष आएका तथ्यका आधारमा धारा ७, धारा ९, तथा धारा १० को अनुच्छेद १ को सामञ्जस्यतामा धारा २ को अनुच्छेद १ को उल्लंघन भएको ठहर्छ ।

८. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५, अनुच्छेद ४ अन्तर्गत सञ्चालित मानवअधिकार समितिले यससससमक्ष पेश गरिएका तथ्यका आधारमा बनाएको दृष्टिकोण अनुसार निवेदकको सम्बन्धमा धारा २ को अनुच्छेद ३ को सामञ्जस्यतामा धारा ७, ९ र १० को अनुच्छेद १ को उल्लंघन भएको ठहर्छ । निवेदककी श्रीमती तथा निजहरूका दुई सन्तान यशोदा र योगेश गिरीको सम्बन्धमा समेत अनुबन्धको धारा २ अनुच्छेद ३ को सामञ्जस्यतामा धारा ७ को पनि उल्लंघन भएको दृष्टिकोण समितिले बनाएको छ ।

९. अनुबन्धको धारा २, अनुच्छेद ३ (क) का अनुसार राज्यपक्ष निवेदक र उनको परिवारलाई (क) निवेदक माथि भएको यातना तथा दुर्व्यवहारउपर पूर्ण र लगनशील अनुसन्धान गरेर, (ख) जिम्मेवार अधिकारीविरुद्ध अभियोजन र दण्डसजाय गरेर, (ग) निवेदक र उनको परिवारले भोग्नुपरेको हिंसाका लागि उचित क्षतिपूर्ति प्रदान गरेर, (घ) यातना क्षतिपूर्ति ऐनमा भएको ३५ दिने हदम्याद सहित अनुबन्धको मापदण्ड अनुरूप कानुनमा सुधार गरेर, यातनालाई अपराध परिभाषित गरी फौजदारी अपराध बनाउने कानुन बनाएर, यातना तथा जबर्जस्ती बेपत्ता पार्ने कार्यमा संलग्न अधिकारीहरूलाई उन्मुक्ति दिने सबै कानुनहरू खारेज गरेर प्रभावकारी उपचार प्रदान गर्नु राज्यपक्षको दायित्व हो । त्यसो गरेमात्र राज्यपक्षले निवेदक तथा उनको परिवारलाई प्रतिशोध र जोरजुलुमबाट रक्षा गर्ने प्रत्याभूत गरेको ठहर्छ । भविष्यमा त्यस्तै प्रकृतिका हिंसा दोहोरिन नदिने दायित्व पक्षराष्ट्रको हो ।

१०. ऐच्छिक आलेखको पक्षराष्ट्र बनेपछि राज्यपक्षले महासन्धिको उल्लंघन भएको छ छैन भनी ठहर गर्ने समितिको अधिकारलाई स्वीकार गरेको र आफ्नो क्षेत्र तथा क्षेत्राधिकार भित्र सबै व्यक्तिको अनुबन्धको धारा २ अन्तर्गतको अधिकार सुनिश्चित गर्ने र उलंघन भएको प्रमाणित भएमा प्रभावकारी तथा प्राप्य उपचार प्रदान गर्ने दायित्वलाई ध्यानमा राख्दै राज्यपक्षले १८० दिनभित्र समितिको दृष्टिकोणलाई कार्यान्वयन गर्न अपनाइएका उपायहरुका बारेमा जानकारी दिनेछ भन्ने चाहना राखेको छ । समितिका धारणालाई प्रकाशन गर्न र आधिकारिक भाषामा अनुवाद गरी त्यसको व्यापक वितरण गर्न समेत राज्यपक्षलाई अनुरोध गरिएको छ ।

---

[24] Ibid, para. 14.

[25] General comment No. 31 on article 2, A/59/40 (Vol. I), Annex III (p. 175-179) , para 15.

(अंग्रजी भाषामा लेखिएको दस्तावेज मूल दस्तावेज भई अंग्रेजी, फ्रेन्च र स्पेनिस माषामा स्विकार गरिएको र साथै साधारण सभामा समितिको वार्षिक प्रतिवेदन पेश गर्दा अरबिक, चाइनिज र रसियन भाषामा पनि प्रस्तुत गरिने छ ।)